गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ७ मितिः२०८०/०३/२४

**भाग-२**

**गोलन्जोर गाउँपालिका**

## गोलन्जोर गाउँपालिकाको व्याक हो लोडर(जे. सि. वि.) संचालन सम्बन्धी कार्यविधि,२०८०

गाउँ सभावाट पारित मिति २०८०।०३।२४

**प्रस्तावनाः**

यस गोलन्जोर गाउँपालिकाको सरकारी सम्पतिको रुपमा रहेको व्याक हो लोडर (जे.सि.वि.) को संचालनलाई व्यवस्थित गर्न, यसको दुरुपयोग रोक्न, यसबाट प्राप्त हुने आय र व्ययको हिसावकिताव पारदर्शी रुपमा राख्न, मर्मत संभारलाई नियमित गराउन, यसमा संलग्न अपरेटर र सहयोगीलाई मेशिन संचालन गर्दा हिफाजत र सदुपयोग गर्न लगाई गोलन्जोर गाउँपालिकाको विकास निर्माणको काममा नियमितता, मितव्ययीता, प्रभावकारिता, पारदर्शिता एवं व्यवस्थित बनाउन आवश्यक भएकोले यो कार्यविधि तर्जुमा गरिएको छ ।

यो कार्यविधि गोलन्जोर गाउँसभाले निर्णय गरेको मिति देखि लागु हुनेछ।

**१.अर्थ र परिभाषाः**

(क) "गाउँपालिका " भन्नाले गोलन्जोर गाउँपालिका लाई सम्झनु पर्दछ।

(ख) "अध्यक्ष" भन्नाले गोलन्जोर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गोलन्जोर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) प्रशासन तथा स्टोर शाखा भन्नाले गोलन्जोर गाउँपालिकाको प्रशासन तथा स्टोर शाखा सम्झनु पर्दछ ।

(ङ) सदस्य भन्नाले गोलन्जोर गाउँपालिकाको व्याक हो लोडर (जे.सि.वि.) संचालन अनुगमनका समितिका सदस्य सम्झनु पर्दछ ।

**२.व्याक हो लोडर (जे. सि. वि.) संचालनः**

यस गाउँपालिकाको स्वामित्वमा रहेको व्याक हो लोडर (जे. सि. वि.) संचालन गरी काममा लगाउँदा देहाय बमोजिमको प्रक्रिया पुर्याइ गर्नुपर्नेछः

(क) व्याक हो लोडर (जे. सि. वि.) प्रयोगको लागि माग गर्ने संस्थाले संचालन गर्ने घण्टा, लाग्ने अनुमानित शुल्क, स्थान, व्याक हो लोडर (जे. सि. वि.) लैजानु अघि नगद रसिद वा बैंक मार्फत भुक्तानि गरि सक्कल भौचर यस गाउँपालिकामा पेश गर्नुपर्नेछ । कार्यालयबाट कार्यदिश भएपश्चात मात्र मेशिन चलाउन लानु पर्नेछ ।

(ख) माग निवेदन गर्ने व्यक्ति वा संस्था ले लैजादा वा ल्याउँदा लाग्ने इन्धन स्वयमले बेहोर्नु पर्नेछ ।

(ग) काम सम्पन्न भएपश्चात मेशिन अनिवार्य रुपमा गाउँपालिकामा फिर्ता पठाई यथा स्थानमा सुरक्षित राख्ने कर्तब्य लोडर अपरेटरको हुनेछ ।

(घ) लोडर अपरेटरले मेशिनको प्राविधिक अवस्था बारे गाउँपालिकामा जानकारी गराई मर्मत संभार, सामान हेरफेर, लुब्रिकेन्ट परिबर्तन गर्नुपर्ने भए समयमै जानकारी गराउनुपर्नेछ ।

(ङ) लोडर अपरेटर वा सहयोगिले व्याक हो लोडर (जे. सि. वि.) मेशिन कार्यालयको आदेश विपरित संचालन गरे वा मेशिनको कुनै पार्टपुर्जा वा मेशिनमा क्षति पुर्याय वा लापरवाही साथ मेशिन चले /चलाए सो गरे वापतको क्षतिपुर्ति निजहरुबाट सरकारी बाँकी सरह असुल गरिने छ ।

(च) माग निवेदनबाट प्राप्त नगद रकम बैंक दाखिला गर्ने दायित्व गाउँसभाको हुनेछ ।

(छ) व्याक हो लोडर (जे. सि. वि.) बाट प्राप्त आय र व्ययको हिसाब किताब हरेक गाउँसभा बैठकमा पेश गर्ने दायित्व राजस्व शाखाको हुनेछ ।

(ज) कोही कसैले माग निवेदन बिना वा मौखिक आदेशमा वा प्रक्रिया नपुर्याइ व्याक हो लोडर (जे. सि. वि.) संचालन गर्नु गराउनु हुँदैन ।

**३. व्याक हो लोडर (जे. सि. वि.) कोष र यसको खाता संचालनः**

गाउँपालिकामा एक व्याक हो लोडर (जे. सि. वि.) कोष हुनेछ । सो कोषमा व्याक हो लोडर (जे. सि. वि.) बाट प्रति घण्टाका दरले प्राप्त हुने रकम गाउँपालिकाबाट प्राप्त रकम र अन्य रकम जम्मा गरिने छ । सो कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दरखास्तबाट हुनेछ । सो कोषमा रहेको रकम नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

**४. मर्मत संम्बन्धी व्यवस्थाः**

व्याक हो लोडर (जे. सि. वि.) लाई मर्मत संभार गरी प्रभावकारी रुपमा संचालन गर्न आवश्यकता अनुसार प्राविधिक चेकजाँच गराइ मर्मत संभार गराउने जिम्मेवारी लोडर अपरेटर/सहयोगीको हुनेछ। आधिकारिक सर्भिस सेन्टर वा सम्बन्धित जानकार प्राविधीकद्धारा पूर्व लागत अनुमान गराई मर्मत संभार गर्नुपर्ने जिम्मेवारी जिन्सी शाखाको हुनेछ । मर्मत संभार वा पार्टपूर्जा फेरबदल गर्नुपर्ने गरी आधिकारिक विल भर्पाई पेश भएमा मात्र भुक्तानी प्रक्रिया अघि बढाउनु पर्नेछ ।

- **लगबुक /डिजिटल मेसिन मिटरः**

(क) व्याक हो लोडरको स्पष्ट नियमित रुपमा लगबुक भर्ने जिम्मेवारी लोडर अपरेटरको हुनेछ। लगबुकमा केरमेट फेरबदल वा झुटो विवरण उल्लेखित भएमा सो वापत को रकम अपरेटरबाट असुल गरिनेछ ।

(ख) डिजिटल मिटरलाई अपडेट गर्ने जिम्मेवारी अपरेटर र सहयोगीको हुनेछ ।

**५.अनुगमन समितिको व्यवस्थाः**

व्याक हो लोडर(जे. सि. वि.)लाई नियमित पारदर्शी तथा प्रभावकारिरुपमा संचालन गरी विकास निर्माणको कार्य अघि बढाउन गाउँपालिका अध्यक्षको संयोजकत्वमा एक व्याक हो लोडर (जे. सि. वि.) अनुगमन समिति गठन हुनेछ। सो समितिमा अन्य सदस्यहरु निम्नअनुसार रहनेछन ।

| | |
|---|---|
| उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| इन्जिनियर | सदस्य |
| जिन्सी शाखा प्रमुख | सदस्य |

- **व्याक हो लोडर (जे. सि. वि.) संचालन देहाय बमोजिम हुनेछ।**

(क) व्यक्ति/ निजी संघ संस्था प्रतिघण्टा ३२००/-(इन्धन लुब्रिकेन्ट समेत)
(ख) व्यक्ति/ निजी संघ संस्था प्रतिघण्टा १०००/-(इन्धन लुब्रिकेन्ट बाहेक)

- **पूर्व माग निवेदन गरी अनुमानित रकम जम्मा गर्नुपर्नेछ।**

(ग) उपभोक्ता समिति लागत अनुमान बमोजिम कार्यसम्पन्न मुल्याङ्कन गरी मेशिन संचालन भएको घण्टा अनुसार रकम गणना गरी उपभोक्ता समितिले भुक्तानी गर्दा कर कट्टी गरी कोषमा दाखिला गर्नुपर्नेछ ।

आज्ञाले
शम्भु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत